का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ पुस २०८२
शनिबार
27 December 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

डिपर हेर्नु

वर्ष २३, अंक ३१७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी



# बेस्टसेलर बुक सेलिब्रिटी लेखक






● *जनक नेपाल र दिवाकर अधिकारी/साथमा मध्यान्ह टिम*

२०६२/६३ को जनआन्दोलन र लोकतन्त्र बहालीपछिका दुई दशकमा नेपाली साहित्य बजारले उल्लेख्य फड्को मारेको छ। यस अवधिमा आएका बेस्टसेलर पुस्तकले लेखकलाई सेलिब्रिटी मात्र बनाएनन्, होलटाइमर पनि बनायो। व्यावसायिक प्रकाशन गृहको उदय, सामाजिक सञ्जाल र ई-मार्केटिङले समग्र पठन संस्कृतिकै विस्तार गरिदिएको छ। मध्यान्हले प्रकाशक गृह, लेखक, विक्रेता एवं समीक्षकबाट प्राप्त सूचना विश्लेषण गरी दुई दशक (२०६२-२०८२)का बेस्टसेलर २० पुस्तकको सूची तयार पारेको छ।

»» विस्तृत पृष्ठ २ र ८ मा

वैदेशिक रोजगार विशेष

## स्वास्थ्य संस्थाहरूको गतिविधिप्रति संघको आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले स्वास्थ्य संस्थाहरूको गतिविधिप्रति आपत्ति जनाएको छ। संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज गरिसकेको अवस्थामा पनि केही स्वास्थ्य संस्थाहरूले उक्त निर्णय अस्वीकार गर्नु श्रमिक विरोधी कदम भएको बताएको छ।

गत पुस ४ गतेको मन्त्रीस्तरीय निर्णयबाट वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज भएको थियो। संघले शुक्रबार आकस्मिक पत्रकार सम्मेलन गरेर मन्त्रीस्तरीय निर्णयको विरोधमा सेवा बन्द गर्ने, कामदारहरूलाई अन्योलमा पार्ने तथा अनावश्यक दुःख दिने स्वास्थ्य संस्थहरूको कार्य अत्यन्तै आपत्तिजनक, गैरजिम्मेवारपूर्ण र श्रमिक विरोधी भएको बताएको छ।

संघका अध्यक्ष भुवनसिंह गुरुङले




स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज भइसकेको अवस्थामा स्वास्थ परीक्षण नगर्ने व्यवहारले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको अधिकार, समय, »» पृष्ठ ३ मा

### प्रगतिशील मञ्चको श्रममन्त्रीलाई बधाईसँगै मागपत्र पेस



**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारीसमक्ष मागपत्र पेस गरेको छ। मञ्चले शुक्रबार नवनियुक्त मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिँदै उक्त मागपत्र पेस »» पृष्ठ ३ मा

### इराकको आवासीय कार्ड भएकालाई श्रम स्वीकृति दिइने

**काठमाडौं/मस-** सरकारले विभिन्न तरिका र बाटो हुँदै वैदेशिक रोजगारीका लागि इराक पुगेका नेपाली कामदारलाई वैधानिकता दिने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।

मन्त्रिपरिषद्ले इराकको आवासीय कार्ड भएका नेपालीलाई श्रम स्वीकृति दिने »» पृष्ठ ३ मा

कांग्रेसमा महाधिवेशन किचलो

## नियमित टर्‍यो विशेषमा जान दबाब



“नियमित महाधिवेशनको निर्णय गराउन अत्यन्तै मेहनतका साथ नेताहरूलाई कन्भिन्स गराएको थिएँ । अहिले आएर फेरि उही अवस्था दोहोरिने परिस्थिति बन्दै छ ।

■ **रमेश लेखक**
**केन्द्रीय सदस्य**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ पुस

नेपाली कांग्रेसले सार्वजनिक गरेको कार्यतालिकाअनुसार १५औं महाधिवेशन मिति नजिकिँदै छ। तर क्रियाशील सदस्यता टुंगो लगाउने गरी आवश्यक तयारीमा नेताहरूले दतारुकता नदेखाउँदा घोषित महाधिवेशन अनिश्चित बनेको छ। केन्द्रीय समितिले मंसिर १५ गतेको बैठकबाट पुस २६-२९ मा महाधिवेशन गर्ने निर्णय गरेको थियो।

यता घोषित समयमा महाधिवेशन हुने छाँटकाँट नदेखिएपछि विशेष महाधिवेशन पक्षधर नेताहरूले विशेष भेला डाक्ने तयारी गरेका छन्। उनीहरूले पुस २५ र २६ गते भेला बोलाउन लागेका हुन्।

यसअघि विशेष




महाधिवेशनका लागि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर असोज २९ मा पार्टीमा दर्ता गरेका थिए । त्यसैको दबाबमा केन्द्रीय समिति नियमित महाधिवेशनको तालिका ल्याउन बाध्य भएको थियो। तर निर्णय कार्यान्वयन नहुनु पार्टी र देशकै लागि दुर्भाग्य भएको हस्ताक्षर अभियानका नेता गुरुराज घिमिरे बताउँछन्। उनले भने, ‘हामीले पार्टीलाई विधि र विधानसम्मत लैजाऔं, आमनागरिकको भावना समेटेर नयाँ नेतृत्वसहित नयाँ नीति कार्यक्रम लिएर जनतामाझ जाऔं भनेका हौं। तर पार्टीका विभिन्न पदमा बसेर निरन्तर खाइपाइ आएका केही व्यक्तिको स्वार्थपूर्तिका लागि पार्टी नेतृत्वसमेत सती जाने अवस्था देखियो। अब हामी पछि हट्ने अवस्था छैन।’ »» पृष्ठ ३ मा


कभर स्टोरी


# बेस्टसेलर बुक सेलिब्रिटी लेखक










लोकतन्त्रसँगै खुला समाज र विचार विमर्शले प्रश्रय पाउँदै थियो । विचार निर्माणका लागि पनि पुस्तकको खाँचो थियो । शिक्षित युवा जनसंख्या बढ्दो थियो । त्यहीबेला व्यावसायिक प्रकाशन गृहहरूले राम्रो साजसज्जासहित नयाँनयाँ लेखकलाई बजारमा ल्याए ।

उपन्यासकार सुबिन भट्टराईले प्रज्ञा भवनको डबलीमा २३ भदौ २०७१ को माहोल सायदै बिर्सेलान् । भदौरे घामपानीबाट जोगिन टेन्ट टाँगिएको थियो । सयौंको भिडले डबली खचाखच थियो । साया उपन्यास त्यहीँबाट पाठकको बन्यो । विमोचनकै बेला १ हजारभन्दा धेरै पुस्तकमा उनले हातै दुख्नेगरी हस्ताक्षर गरे । २० हजार कपी छापेर बजारमा पुगेको साया अर्को दिन मध्याह्न नहुँदै 'सोल्डआउट' भइसकेको थियो । 'त्यो नै मेरो लेखन यात्राको ठुलो टर्निङ प्वाइन्ट थियो,' सुबिन भन्छन्, ' पाठकको त्यही साथले नै मलाई पूर्णकालीन लेखक बन्न भरोसा दिलायो ।'

साया रुचाइएपछि अघिल्लो उपन्यास समर लभको बिक्री पनि ह्वात्तै बढ्यो । अहिलेसम्म ती दुवै उपन्यासको बिक्री १ लाख नाघिसकेको छ । त्यसपछि आएका उनका सबै उपन्यास बेस्ट सेलर भए । साहित्य क्षेत्रमा कुनैबेला सुबिनलाई साहित्यकार मान्नसमेत हिच्किचाउनेहरू थिए । तर उनैलाई पाठकले मन पराए । लेखक सेलिब्रिटी बनाइदिए । नयाँ पुस्ताले अहिले कुनै साहित्यकारको नयाँ कृति पर्खिन्छ भने त्यो उनै सुबिन हुन् । 'पाठकले मबाट प्रेमकथा, उत्प्रेरक र सामाजिक विषयका पुस्तक पर्खिरहेझैं लाग्छ,' उनी भन्छन्, 'त्यसैले त म होलटाइमर लेखक हुन सकें । त्यही मायाले म लेखनबाहेक अर्को कुनै विकल्प नदेख्ने भइसकेको छु ।'

तर १३ वर्षअघि उनको स्थिति अर्कै थियो । भर्खर वातावरण विज्ञानमा अध्ययन सकेका सुबिन जागिरको खोजीमा भौतारि इरहेका थिए । बेरोजगारी छल्न उनी कलेजमा पाटटाइम पढाउँथे । त्यसले उनको पकेट मनी पनि चल्दैनथ्यो ।

झट्ट जागिर नभेटिएपछि उनले आफ्ना कापीहरू बटुले, जहाँ कथाहरू लेखिएका थिए । त्यतिन्जेलसम्म उनलाई टाइप गर्न आउँदैनथ्यो । टाइप गर्न सिके र कापीका कथाहरू टाइप गर्न थाले । अनि प्रकाशक खोज्न थाले । आफैंले लगानी गरेर पाँचपोखरी प्रकाशनबाट २०६७ सालमा उनको पहिलो कथा संग्रह निस्क्यो, कथाकी पात्र ।

खासै नसुनिएको लेखक, कमै चलेको प्रकाशन गृह । कथा संग्रहको चर्चा र बिक्री खासै भएन । तर सुबिनको मनमा आशाका किरण ल्याउने पहिलो पुस्तक त्यही थियो । दुई वर्षपछि ल्याएको समर लभपछि सुबिनले पछाडि फर्केर हेर्नुपरेको छैन । किनभने उनीले लामो भविष्य बोकेका युवा पाठक रिझाएका छन् ।

० ० ०

बुद्धनगरको इनोभेटिब बोर्डिङ स्कुलका अंग्रेजी शिक्षक थिए, कुमार नगरकोटी । तलब राम्रै थियो । घर चलेकै थियो । बेलामौकामा साहित्य सिर्जना गरिरहेकै थिए । एकाएक उनको मनमा उपन्यास लेख्ने जोस जाग्यो । दिनभर पढाएर उपन्यास लेख्न सकिन्न भन्ने जुन दिन लाग्यो, उनी १२ वर्षदेखि पढाउँदै आएको स्कुल छाडेर लेख्न बसे । त्यही आँटले नगरकोटीलाई सेलिब्रिटी लेखक मात्र बनाएन्, होलटाइमर लेखक बनेर बाँच्न सक्ने बनायो । उनी संस्मरण, नाटक र कविता मात्र लेख्दैनन्, रंगमञ्चमा बेजोड प्रस्तुति पनि दिन्छन् ।

गत वर्ष काठमाडौंका नाटक घरहरूमा नगरकोटीका नाटकहरू एकसाथ हाउसफुल चलिरहेका थिए । यो हिउँदमा उनी म्युजिकल पोएट्री यदाकतामा व्यस्त छन् । भिडियो कवितामा जमेका नगरकोटी कवितालाई संगीतको लय र सुरतालमा नृत्यमग्न बनाइरहेका छन् । बिहीबारको प्रस्तुति निकै रुचाइएको छ ।

नगरकोटीको कल्पनशीलता जादुमयी छ । त्यसैले उनका पाठक पनि सेलेक्टिभ छन् । उनी आफैं पनि आख्यानकारभन्दा ज्यादा फिक्सन डिजाइनर भन्न रुचाउँछन् । 'म रिस्क लिइरहन मन पराउँछु । जे भइरहेको छ, म खुसी छु' उनी भन्छन्, 'म चलिरहेको छु । त्यसैले त होल टाइमर बनेर घरसंसार चलाइरहेको छु ।'

० ० ०

उपन्यासकार बन्नुअघि नारायण वाग्ले कान्तिपुर दैनिकको संवाददातादेखि सम्पादकसम्मको यात्रा तय गरिसकेका थिए । सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेकै बेला उनले त्यसैको सेरोफेरोमा पहिलो उपन्यास ल्याए, पल्पसा क्याफे । वाग्लेका अखबारी लेखनका प्रशंसक त थिए नै, प्रकाशकले प्रचारप्रसारमा निकै मिहेनत पनि गर्‍यो । कफी गफ पढ्ने बानी परेका पाठक नै पल्पसा क्याफेका पहिलो चरणका पाठक थिए । वाग्लेको सरल एवं रिपोटार्ज शैलीको लेखन धेरैले रुचाए । त्यसैले त पहिलो उपन्यास नै बेस्ट सेलर मात्र बनेन, उनलाई सम्पादकबाट एकाएक सेलिब्रिटी लेखक बनाइदियो ।

त्यतिबेला वाग्लेलाई धेरैले सोध्ने प्रश्न थियो, तपाईं लेखक कि सम्पादक ? 'यी दुईलाई म प्रतिस्पर्धाले हेर्दिनँ' उनी भन्छन्, 'मेरा लागि यी दुवै परिपूरक हुन् । पत्रकारको पृष्ठभूमिले मेरो लेखनमा पक्षपोषण गर्‍यो । साहित्यिक पृष्ठभूमिले पत्रकारितामा सघायो । मेरा लागि यी दुवै सन्तुलित मिश्रण हुन् ।'

पल्पसा क्याफेपछि मयुर टाइम्स र कोरियाना कफी गफ लेखिसकेका वाग्ले अहिले भने तनहुँमा अर्ग्यानिक खेतीपातीमा लागेका छन् । उनको परिचय सम्पादक, उपन्यासकार हुँदै किसानमा फर्किएको छ । अहिले फेरि उनलाई अर्को प्रश्न ठोक्किन थालेको छ, तपाईं किसान कि लेखक ? यसलाई पनि वाग्ले एकअर्काका सहयोगी ठान्छन् । 'छुट्याएर हेर्न मिल्दैन' आफ्नै शैलीको हाँसोमा उनी भन्छन्, 'म आफूलाई प्रश्नसहितको किसान भन्न रुचाउँछु । पत्रकारिता/साहित्यको ज्ञान नभएको भए मैले सोधीखोजी र अनुसन्धानमा ध्यान दिँदैनथे । जिज्ञासा र उत्सुकता हुँदैनथ्यो ।' खेतीकिसानी सँगै उनी चौथो उपन्यासको तयारीमा छन् ।

० ० ०

एक समय थियो, प्रकाशन गृहले नयाँ किताब छाप्दा १ हजारप्रति नै ठुलो आँट मानिन्थ्यो । बजार सानो थियो । पाठक सीमित थिए । जोखिम धेरै थियो । पहिलो संस्करणको प्रति ३ देखि ५ हजार हुँदै धेरै पढिने लेखकका किताब ३० हजार प्रतिसम्म पुगेको छ । यसले नै किताबको बजार विस्तार भएको देखाउँछ ।

खासगरी २०६२/६३ को जनआन्दोलनले लोकतन्त्र पुनर्स्थापित गरेसँगै नेपाली समाजमा किताबको बहार आएको देखिन्छ । त्यो बुझेरै एकपछि अर्को गर्दै नेपालय, फाइनप्रिन्ट, बुकहिल, सांग्रिला, शिखा, क्रियटिभ बुक्स, इन्डियोलगायत प्रकाशनको उदय हुँदै गयो । जसका कारण बितेका दुई दशकमा दर्जनौं बेस्ट सेलर किताब आए, जसले लेखकलाई पनि सेलिब्रिटी बनाइदिए । सुबिन, नगरकोटी र वाग्ले तिनै सेलिब्रिटीमध्ये पर्छन् ।

फर्केर हेर्दा लाग्छ, व्यावसायिक प्रकाशन गृहले ठिक समयमा हात हाले । लोकतन्त्रसँगै खुला समाज र विचार विमर्शले प्रश्रय पाउँदै थियो । विचार निर्माणका लागि पनि पुस्तकको खाँचो थियो । शिक्षित युवा जनसंख्या बढ्दो थियो । त्यहीबेला व्यावसायिक प्रकाशन गृहहरूले राम्रो साजसज्जासहित नयाँनयाँ लेखकलाई बजारमा ल्याए । पुस्तकहरू प्रज्ञा प्रतिष्ठान र साझा प्रकाशनले छाप्दै आएकाभन्दा भिन्न मात्र थिएनन्, आकर्षक पनि थिए । त्यसले एकाएक पठन संस्कृतिको बढायो । राजनीति, साहित्य, दर्शन, आत्मविकास–सबैतर्फ आमपाठकको रुचि फैलिन थाल्यो ।

कुनैबेला छापेर बाँड्ने लेखक धेरै हुन्थे । तर व्यावसायिक प्रकाशन गृहको प्रवेशसँगै किताब किनेर पढ्ने लहर चल्यो । ठिक त्यहीबेला आयो, सामाजिक सञ्जाल । पाठकले त्यसको प्रयोग पनि भरमार गर्न थाले । किताब किन्ने, लेखकलाई हस्ताक्षर गराएर तस्बिरसहित सामाजिक सञ्जालमा पोस्ट गर्नु फेसनजस्तै बन्न थाल्यो । आफूलाई मन परे वा नपरेको स्टाटस लेख्न थाले । पाठक यतिविधि सक्रिय हुन थालेपछि प्रकाशकलाई राम्रा किताब छान्न र राम्रो सम्पादन गराउन करै लाग्यो ।

केही वर्षको यो अभ्यासले दुईवटा काम गर्‍यो । एकातिर किताबबारे चर्चा बढायो भने अर्कोतर्फ नयाँ पाठक जन्मायो । प्रकाशक र लेखकलाई यसले उत्साह थपिदियो । त्यसैले हो, नेपाली साहित्यमा बेस्ट सेलर पुस्तक र सेलिब्रिटी लेखकको अवधारणा स्थापित गरिदिएको । पल्पसा क्याफे, सोच, कर्णाली ब्लुज, सेतो धरती, चिना हराएको मान्छे, समर लभ, साया बेस्ट सेलर मात्र भएनन्, लेखकलाई पनि सेलिब्रिटी बनाइदियो । यसबीचमा दर्जनौं पुस्तक पाठकले रुचाए, धेरै बिके । राजन मुकारुङको दमिनी भीर, उपेन्द्र सुब्बाको लाटो पहाड, सौरभको असहमति, वसन्त बस्नेतको महाभारा, गोविन्द गिरी प्रेरणाको सुश्री पारिजात, डा. नवराज केसीको शून्यको मूल्य, युग पाठकको उर्गेनको घोडा, जीएस पौडेलको एकसर्को माया, रामलाल जोशीको ऐना, राधा पौडेलको खलंगामा हमला धेरै पढिने पुस्तकमा पर्छन् ।

बेस्टसेलर हुनु र होलटाइम लेखक हुनु एउटै कुरा होइन । जब पाठकले किताबभन्दा पहिले लेखकको नाम हेर्न थाल्छ, लेखकको सिर्जनाप्रति भरोसा गर्न थाल्छ, प्रकाशकलाई छाप्नुपर्ने पुस्तकको प्रति अनुमान हुन थाल्छ । त्यतिबेला लेखक होलटाइमर मात्र होइन्, सेलिब्रिटीकै दर्जामा उक्लिन्छ ।

समीक्षक राजकुमार बानियाँ बेस्ट सेलरको निश्चित मानक नभए पनि पछिल्लो समय नेपाली किताबको बिक्री बढेको र त्यसले लेखकलाई 'सेलिब्रिटी'जस्तो बनाइदिएको बताउँछन् । 'संख्यासँगै गुणवत्ता पनि त्यत्तिकै बढेको भए सुनमा सुगन्ध हुन्थ्यो,' उनी भन्छन्, 'हामी नेपाली कल्पनामा धेरै रमाउने रहेछौं । निबन्धहरू इतिहासभन्दा उपन्यास धेरै पढिनुले त्यही भन्छ । सेल्फहेल्प र धार्मिक पुस्तक पनि धेरै पढिएका छन् । समाजशास्त्र र इतिहासका पुस्तक धेरै पढिए म खुसी हुन्थें ।'

पठन संस्कृति विकास हुनु सखद् भए पनि किताबप्रति अविश्वास पनि उत्तिकै बढेको बानियाँ बताउँछन् । उनले भनेझैं यसबीचमा समाज र राजनीतिका गम्भीर सवाल साहित्यले बलियोसँग उठाउन सकेको देखिँदैन । न दशक लामो सशस्त्र विद्रोहको सामाजिक-राजनीतिक महत्व राख्ने पुस्तक आयो, न त नाकाबन्दीकै । फाइन प्रिन्टका प्रकाशक अजित बराल पुस्तकका लागि लेखकमा लगानी गर्ने तहमा नेपाली प्रकाशक नपुगेको बताउँछन् । 'हाम्रा प्रकाशन गृह एकदमै राम्रा भएका भए एउटा राम्रो लेखकलाई एडभान्स लिएर पुस्तक लेख्न जानुस् भन्न सकिन्थ्यो । त्यो स्थिति छैन,' उनी भन्छन्, 'माओवादी जनयुद्धबारे धेरै संस्मरणहरू आए । तर ती तत्कालीन समयको समग्र पाटो दिने ढंगले आएनन् ।'

दुई दशकमा नेपाली पुस्तक बजारले उकालो मात्र हिँडेको छैन । भूकम्पदेखि नाकाबन्दी, कोभिडदेखि जेनजी विद्रोहले बिथोलेको अर्थतन्त्रको धक्का पनि बेहोरेको छ । किताब अत्यावश्यक वस्तु होइन । मानिसले खाना, औषधि र घरभाडापछि मात्र किताब किन्छ । त्यसैले आर्थिक संकटको पहिलो मार पुस्तक बजारलाई पर्‍यो । केही समय त बजार लगभग ठप्पजस्तै रह्यो ।

अर्थतन्त्रमा सुधारसँगै बजारमा किताब देखिन थालेका छन् । तर नेपाली भाषाका किताबको बिक्री स्थिरजस्तै छ । तर समग्र पुस्तक बजार भने घटेको छैन । बरु अंग्रेजी किताबको बजार बढ्दै गएको देखिन्छ । भारतीय लेखिका अरुन्धती रोयले मंसिर तेस्रो साता काठमाडौंमा पाएको न्यानो स्वागत र उनका पुस्तकमा हस्ताक्षर गराउन लागेको भिडले पनि त्यही संकेत गर्दछ । 'सहरी क्षेत्रका युवा बोर्डिङ स्कुलबाट आएका छन्, जहाँ नेपाली र सामाजिक शिक्षाबाहेक सबै विषय अंग्रेजीमा पढाइन्छ,' बुकहिलका प्रकाशक भूपेन्द्र खड्का सुनाउँछन्, 'नेपाली भाषामा राम्रा किताब नआएर होइन, अंग्रेजीमा पढ्न सजिलो मान्ने पुस्ताले पनि प्रभाव पारेको छ ।'

कोरोनाअघि पेनगुइन इन्डियाले नेपालको लागि वार्षिक २ करोडको कारोबार लक्ष्य राखेको थियो । पछिल्ला वर्षमा त्यो लक्ष्य बढेर ५ करोड रुपैयाँ नाघेको बताइन्छ । यो एउटा कम्पनीको मात्र तथ्यांक हो । भारतबाट नेपालमा थुप्रै ठुला-साना प्रकाशकले किताब पठाउँछन् । मोबाइलको व्यापक प्रयोग, अंग्रेजी माध्यममा शिक्षा, बाल्यकालदेखि नै अंग्रेजी सामग्रीसँगको निकटताले नयाँ पुस्तालाई अंग्रेजीतर्फ डोर्‍याएको छ । युवापुस्तालाई नेपालीभन्दा अंग्रेजी पढ्न सजिलो लाग्न थालेको छ, जुन नेपाली भाषा साहित्यका लागि चुनौती बन्दै गएको छ ।

## फेरिएको मार्केटिङ

पुस्तकको बिक्री ढर्रा पनि फेरिएको छ । पुस्तक बिक्री अब पसलबाट मात्र हुँदैन । अनलाइन विक्रेता र सामाजिक सञ्जाल पुस्तक बिक्री गर्ने राम्रा माध्यम बनेका छन् । बुक बर्थ, नेपाल मण्डला, किताब यात्राजस्ता प्लेटफर्म यसकै उदाहरण हुन् । पछिल्लो समय किताब किरोको निकै चर्चा छ । पुस्तक तथा पत्रिका मार्केटिङको लामो अनुभव लिएका तारानिधि रेग्मीले टिकटक र सर्ट भिडियोमार्फत रहरलाग्दोसँग किताब बेचिरहेका छन् । बजारमा चर्चामा रहेका सेलिब्रिटी लेखकका बेस्ट सेलर बुक, आत्मकथा, उत्प्रेरक, जीवन उपयोगी एवं सेल्फहेल्पका किताबबारे भिडियो चर्चा गर्छन् । उनको भिडियो हेरेरै देशकै विभिन्न सहरदेखि विदेशसम्मबाट किताबको अर्डर आउँछ । 'मार्केटिङको फर्मुला फेरिएको छ, भिडियो बनाएर पाठकलाई कन्भिन्स गर्न सजिलो हुन्छ,' रेग्मी भन्छन्, 'भयंकरै त नभनौं । राम्रो भइरहेको छ ।' उनले दैनिक डेढ/दुई सयसम्म पुस्तक बेचिरहेका छन् ।

## नेपाली किताबको अर्थतन्त्र

नेपाली पुस्तक बजारको कारोबारबारे यकिन तथ्यांक कतै भेटिँदैन । नेपालको पुस्तक बजार कति ठुलो छ भन्ने कुनै आधिकारिक अध्ययन छैन । सरकारी निकाय वा प्राज्ञिक संस्थाले यसमा कुनै चासो देखिँदैन । तर किताबको साजसज्जा र गुणस्तरीय छपाइमा प्रकाशन गृहले निकै मिहेनत गरेको देखिन्छ । चलेका गृहहरूले किताब छाप्नै भारत पठाउने गरेका छन् । चलेका प्रकाशन गृहका अनौपचारिक तथ्यांकले साहित्यिक पुस्तकको वार्षिक कारोबार १५-२० करोडको हाराहारीमा देखिन्छ । जुन पाठ्यपुस्तकको बजारको तुलनामा निकै कम रहेको फाइनप्रिन्टका बराल बताउँछन् ।

पुस्तक बिक्री हेर्दा नेपाली पाठकको रुचि भने प्रस्टै देखिन्छ । सबैभन्दा खुसी कसरी हुने, तनाव कसरी घटाउने, जीवन कसरी सुधार्ने, सफल हुने सूत्रजस्ता सेल्फ-हेल्प र मोटिभेसनल पुस्तकमा पाठकको आँखा परेको देखिन्छ । त्यसपछि जीवनी र आत्मकथा अनि आख्यान । आख्यानमा सबैभन्दा धेरै पढिने विधा उपन्यास बनेको छ । बेस्टसेलर पुस्तकका सेलिब्रिटी लेखक धेरैजसो उपन्यासकार हुनुको कारण पनि त्यही हो ।

पुरस्कार जितेका किताबको दीर्घकालीन बिक्री राम्रो हुन्छ । कुनै पुस्तकले मदन पुरस्कार पायो भने बुझ्नुपर्छ, अब त्यो किताब कम्तीमा ५ हजार धेरै बिक्छ । संग्रह, उपहार र लाइब्रेरीका लागि यस्ता किताब खोजिने गरेको छ । विक्रेतालाई पाठक 'कन्भिन्स' गर्न पनि पुरस्कृत किताबले सघाउ पुग्छ ।

डिजिटल युगको प्रभाव गहिरिँदै जाँदा नेपाली पुस्तक बजार मात्र होइन, प्रकाशन उद्योग पनि नयाँ मोडमा आइपुगेको छ । अब कागजमा मात्र सीमित रहने समय घर्किँदै छ भन्ने कम्तीमा प्रकाशन गृहले बुझ्न थालेका छन् । त्यसैको प्रभाव हुनुपर्छ, अडियो बुक, ई-बुक, अन्तर्राष्ट्रिय बजारलाई नयाँ विकल्पका रूपमा हेरिँदै छ । डायस्पोरामा ठुलो नेपाली समुदाय छ । उनीहरू नेपाली किताब पढ्न चाहन्छन् । प्रविधिले त्यो सम्भव पनि छ । नयाँ युगमा किताबको स्वरूप फेरिन सक्छ । माध्यम बदलिन सक्छ । तर ज्ञानको खोजी पक्कै रोकिने छैन ।

**स्वास्थ्य ...**

आर्थिक अवस्था तथा मानसिक स्वास्थ्यमा प्रत्यक्ष र गम्भीर नकारात्मक असर पारिरहेको बताए ।

संघले पत्रकार सम्मेलनमा शुल्क वृद्धि खारेज गर्ने मन्त्रीस्तरीय निर्णयको विरोधमा केही स्वास्थ्य संस्थाहरूले उत्प्रेषण आदेश तथा परमादेशको माग गर्दै उच्च अदालत पाटनमा पुस ७ गते रिट दायर गरेको र आगामी आइतबार पेसी रहेको भन्दै संघले श्रमिक तथा व्यवसायी दुवैको प्रत्यक्ष सरोकार रहने भएकाले संघको तर्फबाट उक्त मुद्दामा सहभागी हुने निर्णय भएको समेत सार्वजनिक गरेको छ ।

पत्रकार सम्मेलनमा संघका महासचिव महेशकुमार बस्नेतले मन्त्रालयले गरेको स्वास्थ्य परीक्षण शुल्क यसअघिको ६ हजार ५ सय नै कायम हुनुपर्ने बताए । संघ श्रमिकको पक्षमा सदैव उभिँदै आएको बताउँदै उनले राज्यले श्रमिकहरूको अधिकारलाई सुरक्षित गर्न तथा वैदेशिक रोजगार क्षेत्र मर्यादित बनाउन युरोप, कोरियालगायत अन्य विभिन्न गन्तव्य मुलुकहरूका मागपत्र प्रमाणीकरण प्रक्रियालाई सरल, छरितो, समयानुकूल र पारदर्शी बनाउने निर्णय गर्नुपर्ने बताए ।

तर यी विषयमा निर्णय हुन अनावश्यक ढिलाइ भएको, अस्पष्ट प्रक्रिया र जटिलताले श्रमिकहरूलाई अवैध तथा जोखिमपूर्ण बाटो रोज्न बाध्य बनाई वैदेशिक रोजगारीमा ठगी बढाउने अवस्था सिर्जना भएको महासचिव बस्नेतले बताए । ठगीको विषयमा सरकारको गम्भीर ध्यान जान आवश्यक रहेको पनि उनले उल्लेख गरे । पत्रकार सम्मेलनमा स्वास्थ्य व्यवसायी सञ्चालक संघका अध्यक्ष मदन पुर्वेले ६ हजार ५ सय रुपैयाँ शुल्क वैदेशिक रोजगारमा जाने कामदारका लागि तोकिएका सबै परीक्षण गर्न पर्याप्त रहेको भन्दै गत भदौमा भएको जेनजी आन्दोलनमा मृतक परिवारका सदस्यको निःशुल्क र घाइते परिवारको ५० प्रतिशत छुटमा स्वास्थ्य परीक्षण गरिने बताए ।

उनले मन्त्रालयले गठन गरेको विषेशज्ञ समितिले वैदेशिक रोजगारको स्वास्थ्य परीक्षण गराउने सिन्डिकेटधारीलाई कसरी लाभ पुऱ्याउन सकिन्छ भनेर काम गरेको जिकिर गर्दै ३४ वटा स्वास्थ्य परीक्षण गराउन मापदण्ड तोक्ने, उपकरण खरिद र मेडिकलको क्षेत्रफल तोक्ने काम सोहीअनुसार भएको दाबी गरे ।

संघका अध्यक्ष गुरुङले स्वास्थ्य परीक्षणका लागि मेडिकल सेन्टरमा कामदार पठाएबापत कुनैपनि व्यवसायीले एक रुपैयाँ नलिने बताए । उनले भने, 'म यही मञ्चबाट प्रतिबद्धता जनाउँछु, कामदारको रगत चुसेर कोही पनि व्यवसायीले कमिसन लिने छैनौं ।'

यस्तै संघले नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिअनुसार बिना धितो पाँच लाख रुपैयाँसम्म कर्जा उपलब्ध गराउने नीति रहेको र सरकार आफैंले दक्षिण कोरिया, इजरायल र बेलायत जस्ता मुलुकमा कामदार पठाउँदा निश्चित शुल्क लिने गरेको अवस्थामा कामदारको लागत निर्धारण गरिनुपर्ने माग पनि गरेको छ ।

पत्रकार सम्मेलनमा संघले वैदेशिक रोजगार 'निःशुल्क' भन्ने अव्यवहारिक तथा सस्तो लोकप्रियताका नाराका आधारमा गरिने निर्णयले कामदारलाई सहयोग गर्नुको सट्टा झन् बढी अन्योल, भ्रम र पीडामा पारिरहेकाले सरकारले स्पष्ट, यथार्थपरक, व्यवहारिक र सबै सरोकारवालाको हित समेट्ने गरी लागत निर्धारणको नीति अपनाउन माग गरेको छ । पत्रकार सम्मेलनमा संघका पदाधिकारी तथा सदस्य सल्लाहकार नवराज केसी, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापालगायतको उपस्थिति रहेको थियो ।

**प्रगतिशील...**

गरेको हो । मञ्चले मागपत्र प्रमाणीकरण सम्बन्धमा रहेको समस्या र त्यसले पारेको नकारात्मक प्रभाव,

अभ्यासार्थी कामदारहरूलाई काम गर्दै भाषासमेत कम्पनीले पढाउने हुँदा जानको परीक्षाको कुनै औचित्य नभएकाले उक्त परीक्षा खारेजीका साथै जिट्कोसम्बन्धी निर्देशिका परिवर्तन गरी रोजगारीमा जापान जाने व्यवस्थालाई सहज गर्न माग गरेको अध्यक्ष जनक रावलले बताए । उनले मञ्चले माग गरेअनुसार जिट्को जान नामक संस्थाले लिने परीक्षाको व्यवस्था शुक्रबार नै खारेज हुनु सकारात्मक भएको बताए । त्यसैगरी सेवा शुल्क परिमार्जन नहुँदा समस्या रहेको भन्दै मञ्चले वैदेशिक रोजगार व्यवसायीले सेवा शुल्क बापत लिन पाउने रकमबारे नयाँ र व्यवहारिक निर्णय गरिनुपर्ने पनि माग गरेको छ ।

सरकारले दक्षिण कोरिया तथा इजरायल कामदार पठाउँदा सरकारी स्रोत साधन प्रयोग गरेर पनि एक लाख रुपैयाँभन्दा बढी लिने गरेको प्रसंग उठाउँदै मञ्चले निजी क्षेत्रका व्यवसायीले आफ्नो स्रोत साधनको प्रयोग गरी व्यवसाय प्रवर्धन, कार्यालयको भाडा, कर्मचारीलाई तलब भत्ता दिनेलगायतका सबै खर्च गर्दा सेवा शुल्कबापत १० हजारभन्दा बढी लिन नपाउने व्यवस्था अन्यायपूर्ण भएको बताएको छ । सेवा शुल्क परिमार्जित भए त्यसले सरकारलाई कर तिर्ने वातावरणको सिर्जना भई सरकारी कोषमा करबापत ठुलो रकम संकलन हुने मञ्चले उल्लेख गरेको छ ।

त्यस्तै मञ्चले दक्षिण कोरिया ई-७ भिसामा निजी क्षेत्रले कामदार पठाउनका लागि रहेको समस्या समाधान गर्न माग गरेको छ । मञ्चले जापान सरकारले टिआटिपी र एसएसडब्लुमार्फत कामदार लैजान खुला गरेको, तर नेपाल सरकारले व्यवसायीहरूमार्फत कामदार पठाउन सहज रूपमा खुला गर्न तदारुकता नदेखाउँदा त्यसको फाइदा उठाउँदै कन्सलटेन्सी, बिचौलिया र गैरव्यवसायीले व्यक्तिगत श्रम स्वीकृति शीर्षकमा गत वर्ष १७ हजारभन्दा बढी कामदार पठाएर कामदारबाट ठुलो रकम उठाएको विषयमा पनि ध्यानाकर्षण गराएको अध्यक्ष रावलले बताए । त्यस्तै युएई भिसा प्रक्रियाका लागि नेपालस्थित युएई दूतावासबाट प्रहरी प्रतिवेदन प्रमाणित गनुपर्ने झन्झटको अन्त्यलगायतका विषयमा पनि ध्यानाकर्षण गराएको मञ्चले बताएको छ । अध्यक्ष रावलको नेतृत्वमा गएको टोलीमा महासचिव मिलन कट्टेलगायत पदाधिकारी र कार्यसमिति सदस्यहरू सहभागी थिए ।

**इराकको...**

निर्णय गरेको हो । सो निर्णयले हाल इराकमा कार्यरत करिब ३० हजार नेपाली लाभान्वित हुने गैरआवासीय नेपालीहरूले बताएका छन् ।

२०६१ भदौ १५ मा १२ जना नेपालीको हत्या भएपछि इराकको रोजगारीमा प्रतिबन्ध लागेको थियो । अब इराकमा कार्यरत नेपालीले श्रम स्वीकृति पाई वैदेशिक रोजगार बोर्डबाट प्रदान हुने सुविधा सहज रूपमा पाउनेछन् भने उनीहरूलाई नेपाल आवतजावतमा रहेको असहजता हट्ने छ । त्यसैगरी नेपाल सरकार र जापान सरकारबीच भएको जापान इन्टरनेसनल ट्रेनिङ कोअपरेसन अर्गनाइजेसन जिट्को अन्तर्गत जापानमा प्रशिक्षार्थी कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०६६ खारेज गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । उक्त निर्णयपछि रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारको भाषा परीक्षा सञ्चालन गर्न नेपाल जाइका अल्मुनाइ एसोसिएसन 'जान'लाई दिएको अनुमति पनि खारेज भएको छ ।

नेपाली कामदारको भिसा आएपछि भाषा परीक्षा सञ्चालन गर्नु गैरकानुनी भन्दै परेको रिटमा सर्वोच्च अदालतले अन्तरकालीन आदेश जारी नगरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानलाई अर्को व्यवस्था नभएसम्म भाषा परीक्षा सञ्चालन गर्न पत्र पठाएको थियो ।

**नियमित...**

डेढ महिना लामो रस्साकसीपछि निर्णय गरेको महाधिवेशनको कार्यतालिका पुनः हेरफेरका विषयलाई लिएर नेताहरूबीच चर्काचर्की भएको छ । पार्टी कार्यालय सानेपामा शुक्रबार अबेर बसेको कार्यसम्पादन समितिको बैठकमा संस्थापन पक्षका नेता र महामन्त्रीबीच सौहार्दता देखिएन । दिउँसो १ बजेका लागि बोलाइएको बैठकमा अधिकांश नेताहरू ३ बजेपछि मात्रै पुगेका थिए । त्यसअघि गुटको बैठक सकेर नेताहरू सहमति गर्न पार्टी कार्यालय पुगेका थिए । राति अबेरसम्म बैठक बसिरहे पनि निर्णयमा पुग्न सकस देखिएको छ । समानुपातिक बन्द सूचीका लागि मापदण्ड बनाउन बसेको कार्यसम्पादन समितिको बैठक निर्णयमा पुग्न नसक्दा निर्वाचन आयोगले तोकेको मितिमा सहजै बन्द सूची पठाउनसमेत कांग्रेसलाई निकै सकस देखिएको छ ।

महाधिवेशनकै एजेन्डालाई लिएर पार्टीभित्र देखिएको किचलोले विशेष महाधिवेशनमा जाने अवस्था आएको कांग्रेस नेता रमेश लेखकले बताए । उनले मध्यान्हसँग भने, 'नियमित महाधिवेशनको निर्णय गराउन अत्यन्तै मेहनतका साथ नेताहरूलाई कन्भिन्स गराएको थिए । अहिले आएर फेरि उही अवस्था दोहोरिने परिस्थिति बन्दै छ । नियमित महाधिवेशन समयमा नगर्ने हो भने विशेष महाधिवेशन माग्ने साथीहरूको अधिकारलाई रोक्नै सकिँदैन ।'

जेनजी आन्दोलनपछि खरानी टकटक्याएर उठ्ने प्रण गरेका कांग्रेस नेताहरू अहिलेसम्म पार्टी महाधिवेशनकै लिगलिगे दौडमा अल्झिएको नेताहरूले बताएका छन् । पार्टी कार्यालयमा बसेको कार्यसम्पादन समितिको बैठकको एजेन्डा नै प्रतिनिधि सभा निर्वाचनमा पठाउने समानुपातिक उम्मेदवारको मापदण्ड, अनुशासनको कारबाही र राष्ट्रिय सभा निर्वाचन तयारी सम्बन्धमा छ । तर उक्त बैठकमा महाधिवेशनको विषयले प्राथमिकता पाएको छैन ।

'निर्वाचनमा जाने निर्णयअनुसार प्रतिनिधि सभाको निर्वाचनको तयारीमा कांग्रेस होमिएको छ', सहमहामन्त्री महेन्द्र यादवले भने, 'जिल्लाबाट सबै उम्मेदवारको टिकट सिफारिस आइसकेकाले समानुपातिक बन्द सूचीका लागि टिकट टुंगो लगाउन नै हामी बैठकमा जुटेका छौं ।' पार्टीको महाधिवेशनका लागि क्रियाशील सदस्यताको काम जारी रहेकाले निर्वाचन पछि मात्रै महाधिवेशन हुने उनले दाबी गरे ।

गत भदौमा भएको जेननी आन्दोलनपछिको राजनीतिक परिस्थिति मूल्यांकन गरेर कांग्रेसले आमनिर्वाचनअगावै नयाँ नेतृत्वसहित नयाँ नीति कार्यक्रम लिएर जानुपर्ने आम दबाबबीच शीर्ष नेता निर्वाचनअघि महाधिवेशन गर्न सहमत भएका थिए । संस्थापन पक्षका अधिकांश नेताहरूले निर्वाचनअघि महाधिवेशन गर्न चाहेका थिएनन् । तर संस्थापनइतर पक्षको दबाबलाई थेग्न नसकेपछि महाधिवेशनको मिति तय गरे पनि तालिकाअनुसारको काम गर्न नसकेको नेताहरूले बताए । समय अपुग भएको महाधिवेशनको कार्यतालिका हेरफेर हुने अवस्था आएको कांग्रेस नेता डा. डिला संग्रौलाले बताइन् । उनले मध्यान्हसँग भनिन्, 'आमनिर्वाचनअघि पार्टीको महाधिवेशन गर्नैपर्ने दबाबअनुसार अत्यन्तै छोटो समय सीमा राखेर कार्यतालिका ल्याएका थियौं । तर त्यसअनुसार काम गर्न सकिएन । महाधिवेशनको मिति केही पर सर्छ, धेरै टाढा जाँदैन ।' महाधिवेनकै तयारीमा आफूहरू जुटे पनि पछिल्लो समय महाधिवेशनभन्दा निर्वाचनको चाप बढ्दै गएको उनको भनाइ छ ।

समयमै नियमित महाधिवेशन नभएर विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाएका महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले १५औं महाधिवेशन हुन नसकेको अवस्थामा विधानअनुसार विशेष महाधिवेशन आयोजना गरिनुपर्ने बताएका छन् । पार्टी कार्यालयमा विशेष महाधिवेशन पक्षधरहरूको ज्ञापनपत्र बुझ्दै उनीहरूले पुसभित्र नियमित महाधिवेशन नहुने अवस्थामा विशेष महाधिवेशन हुने विश्वास दिलाए । तर संस्थापन पक्षले विशेष महाधिवेशन टारेर नियमित महाधिवेशन सार्ने प्रयत्नमा निरन्तर लागिरहेका छन् । यसले आगामी आमनिर्वाचनमा कांग्रेसलाई थप क्षति हुने तल्लो तहका नेता कार्यकर्ताहरूले चिन्ता व्यक्त गरेका छन् ।

कांग्रेसले मंसिर १५ को निर्णयअनुसार पुस १६ बाट वडा अधिवेशन थाल्ने तालिका ल्याएको थियो । आन्तरिक महाधिवेशनबाट नयाँ नेतृत्वसहित आमजनतामा जानुपर्ने कांग्रेसमाथि महाधिवेशनभन्दा प्रतिनिधि सभा निर्वाचनको दबाब बढ्दै गएको छ । यसअघि गत असोज २८ देखि कात्तिक १५ सम्म चलेको केन्द्रीय समितिको बैठकमा आ-आफ्ना एजेन्डामा दुवैपक्ष अडिक भए पनि महाधिवेशनको निर्णय गर्न सभापति शेरबहादुर देउवा नै अघि सर्नुपरेको थियो । उनी असोज २७ मै बैठक प्रारम्भ गरेर सक्रिय राजनीतिबाट बिदा लिँदै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेवारी दिएका थिए । तर कार्यवाहक सभापति खड्काले सुरुमै गुटको भेला राखेर आफैं असफल बन्ने बाटो रोजे । त्यहीअनुसार उनी विवादमा मात्रै आएनन्, आफ्ना अक्षमतालाई समेत प्रदर्शन गरेको आरोप खेप्दै आएका छन् ।

**क्रियाशील सदस्यता नवीकरण ७५ प्रतिशत मात्रै**

नेपाली कांग्रेसको क्रियाशील सदस्यता व्यवस्थापन समितिले पार्टीका ७५ प्रतिशत क्रियाशील सदस्यता नवीकरणको काम सकिएको जनाएको छ । समितिको बिहीबार बसेको बैठकमा ७५ प्रतिशत क्रियाशील सदस्यले सदस्यता नवीकरण गरेको प्रतिवेदन पेस भएको सदस्य प्रकाश स्नेही रसाइलीले जानकारी दिए ।

त्यस्तै बैठकले क्रियाशील सदस्यता नवीकरण र वितरणको काम सकेका ओमान, साउदी र युएई जनसम्पर्क समितिलाई अधिवेशन गर्ने अनुमति दिन पार्टीको केन्द्रीय निर्वाचन समितिमा सदस्यता नवीकरण र वितरणको फाइल पठाउने निर्णय गरेको छ । क्रियाशील सदस्यता नवीकरण र वितरण जुनजुन जिल्लामा सुस्त गतिमा भइरहेको छ, त्यहाँ आपसी सहमतिमा फास्ट ट्र्याकबाट टुंग्याउने निर्णय समितिले गरेको सदस्य स्नेहीले बताए । सदस्यता स्थानान्तरणको विषयमा पार्टी विधानमा भएको मापदण्डलाई कडाइका साथ लागू गरेर निर्णय गर्ने सहमति बैठकमा भएको छ । अहिले क्रियाशील सदस्यता वितरणका फारम १ सय २५ निर्वाचन क्षेत्रमा सर्भरमा प्रविष्ट गर्ने काम भइरहेको समितिले जानकारी दिएको छ । त्यस्तै, कपिलवस्तुमा तत्कालीन जनता समाजवादी पार्टीको प्रदेशस्तरीय समिति नै गाभेका सहजराज यादवलाई सदस्यता नवीकरणका लागि ७ सय ७५ फारम दिने निर्णय गरिएको पनि स्नेहीले जानकारी दिए ।

# विद्यार्थीको भाषा र लेखन क्षमता वृद्धि गर्न अनुलेखन प्रतियोगिता




रुपक खड्का/मध्यान्ह
बझाङ, ११ पुस

जयपृथ्वी नगरपालिका अन्तर्गत सामुदायिक र संस्थागत विद्यालय स्तरीय आधारभूत तह (१-३ कक्षा) र (४-५ कक्षा) को अनुलेखन प्रतियोगिता सम्पन्न भएको छ ।

नगरपालिकाभित्रका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापको मूल्यांकन गर्ने उद्देश्यले जयपृथ्वी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा आयोजना गरिएको अनुलेखन प्रतियोगितामा आधारभूत तहका सबै विद्यालयले सहभागिता जनाएका थिए ।

जालपा मावि देवलमा सम्पन्न प्रतियोगितामा (४ देखि ५) कक्षा अन्तर्गत प्रथम स्थान संस्थागत विद्यालय मेरिगोल्ड इङ्लिस बोर्डिङ स्कुलकी सुप्रिया मल्लले हात पारेकी छन् भने द्वितीय स्थान सामुदायिक विद्यालय बालमन्दिर आधारभूत विद्यालयकी आयुष्मा परियारले प्राप्त गरेकी छन् । त्यसैगरी तृतीय स्थान जालपा माविकी सभ्य खड्काले जित्न सफल भएकी छन् भने सान्त्वना स्थान सुदूरपश्चिम विद्या सदनकी शिला बोहराले हासिल गरेकी छन् ।

त्यस्तै (१ देखि ३) कक्षा सम्मको अनुलेखन प्रतियोगितामा प्रथम स्थान सुदूरपश्चिम विद्या सदनकी ईश्वरी जेठाराले प्राप्त गरेकी छन् भने द्वितीय स्थान मेरिगोल्ड इङ्लिस बोर्डिङका अनुप्रिया सिंहले, तृतीय स्थान सुनिपिपल चौरकी रेश्मा सार्कीले र सान्त्वना स्थान नमुना आविकी समीर परियारले हासिल गरेका छन् ।

जयपृथ्वी नगरपालिका प्रमुख चेतराज बजालको अध्यक्षतामा आयोजना गरिएको उक्त अनुलेखन प्रतियोगितामा नगरभित्रका आधारभूत तहका सबै विद्यालयहरूको उत्साहजनक उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन समारोहमा बोल्दै नगर प्रमुख बजालले विद्यार्थीहरूलाई लेखन सीपमा दक्ष बनाउन यस्ता कार्यक्रमहरू अत्यन्त महत्वपूर्ण हुने बताए । उनले भने, 'विद्या नै धन भएकाले कडा मेहनतका साथ विद्यार्थीहरूले अध्ययनमा ध्यान दिनुपर्छ ।'

त्यस्तै कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख रतनबहादुर सिंहले अतिरिक्त क्रियाकलापहरूलाई थप प्रभावकारी बनाउनेतर्फ जयपृथ्वी नगरपालिका निरन्तर लागिरहेको बताए । उनले आगामी दिनमा पनि यस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै विद्यार्थीहरूको मनोबल बढाउन विविध कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रतियोगिताको समापन कार्यक्रममा बोल्दै सामाजिक विकास समितिका अध्यक्ष शिवराज जैसीले विद्यालयमा पाठ्यक्रमका विषयवस्तु मात्र नभई अतिरिक्त सिर्जनात्मक क्रियाकलापमा समेत विद्यार्थीलाई सहभागी गराउने उद्देश्यले यस्ता कार्यक्रमलाई प्राथमिकता दिइने बताए ।

त्यसैगरी कार्यक्रमका अतिथिका रूपमा रहेका प्रमुख प्रशासकीय अधिकृत नैनबहादुर सिंहले समयसापेक्ष रूपमा विद्यार्थीहरूको बौद्धिक विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै जाने बताए । उनले भने,'शिक्षा नै विकासको मूल आधार भएकाले नगरपालिकाबाट गर्न सकिने नवीनतम कार्यमा कुनै कन्जुस्याइँ गरिनेछैन ।'

त्यस्तै शिक्षा, युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत देवेन्द्र प्रसाद जोशीले अनुलेखन प्रतियोगिता विद्यार्थीहरूको भाषा र लेखन क्षमता विकासका लागि महत्वपूर्ण हुने भएकाले आगामी दिनमा अन्य विधामा पनि यस्ता प्रतिस्पर्धाहरू गरिने बताए ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Office Secretary - 2 Female (Nepal/Qatar)
Sales & Marketing - 2 Male/ Female (Nepal/Qatar)
Degital Marketig - 2 Male/ Female (Nepal/Qatar)
Data Entry Officer - 2 Male (Nepal/Qatar)
HR Officer - 1 Male/ Female (Nepal)
Recruiter - 2 Male/ Female (Nepal)
PRO - 4/4 Male/ Female (Nepal)



Salary Negotiable

**Requirements:**
- Diploma in Computer
- Proficiency in English Language
- Driving License will be advantage
- Minimum 2 years experience in the relevant field

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at* ehr1191@gmail.com

Govt. Lic. No. 1191/073/074
**Eurosia Human Resourse Pvt. Ltd.**
Samakhusi Chowk, Tokha Road 10, Kathmandu, Nepal
9851071905 / 01- 4980243, E-mail : eurosiahumanresource@gmail.com
gurungsubodha2005@gmail.com

**कुवेतमा रोजगार**

कम्पनी: SINOHYDRO CORPORATION LIMITED CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०९/११ चलानी नं.: ६०२४९६६९ L.T. No.: 336033

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 200 | 0 | स. काममा दक्ष | 95 | ४४,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १९ गते (3 Januray 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**यूएईमा रोजगार**

कम्पनी : FAKHAR ZAMAN BUILDING MAINTENANCE शहर : AJMAN
पूर्व स्वीकृत मिति: २०८२/०९/११ चलानी नं.:६०२४९६१३ LT. No.: 336030

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 13 | 0 | स. काममा दक्ष | 1200 | ३९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FURSAN AL KHEBRA BUILDING MAINTENANCE शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/११ चलानी नं.: LT. No.: 336029

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic Asst. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electricians | 2 | 0 | | 1500 | ५८,५४५ | | | | | | | |
| 3. | Plumber | 5 | 0 | | 1500 | ५८,५४५ | | | | | | | |
| 4. | Tile Layer. | 1 | 0 | | 1500 | ५८,५४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १९ गते (3 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STAR BRIDGE H.R. SOLUTION PVT.LTD.** Lic. No: 1592/079/080
Samakhushi, Town Planning-26, Kathmandu, Nepal, Tel. No.: +977-01-5919160
E-mail: starbridgehrsolution124@gmail.com

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!**
**शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

**रोजगारदाता कम्पनी : एडीएनएच क्याटरिङ, युएई**
**Employer Company: ADNH CATERING, UAE**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/०४/०९ | चलानी नं.: | ६०२४१६८० | एल टी नं.: | ३२७८९३ | पुन विज्ञापन |
| Pre Approval Date: | 2025/07/25 | Invoice No.: | 60241680 | L.T. No.: | 327893 | Re Advertisement |
| पूर्व स्वीकृत मिति: | २०८१/१२/२९ | चलानी नं.: | ६०२३६०८९ | एल टी नं.: | ३२१९७७ | पुन विज्ञापन |
| Pre Approval Date: | 2025/04/11 | Invoice No.: | 60236089 | L.T. No.: | 321977 | Re Advertisement |

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 134 | 338 | 800 | ३१,२२४ | कम्पनीको नियम अनुसार | ८ धण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |

Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।
The final interview will be conducted in the office on 16 & 17 January, 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ र ३ गते हुनेछ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कस्ले व्यहोर्ने Who will bear the Service Fee |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**काहुले, नुवाकोट,बागमती प्रदेश**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/०९/१२)**

मिति २०८२/०८/१९ गते यस कार्यालयबाट प्रकाशित विद्युतीय बोलपत्र शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्यूनतम सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | KRM/SQ/ GOODS/01/2082/083 | Procurement of Essential Medicines, Surgical Supplies, and Sanitary Pads for Free Distribution and School Use | Sanjushree Medicine Suppliers Pvt. Ltd. (Tripureswor-12, Phone: 9851200167) | १६०६०४४.७०१ |

**प्रमुख प्रशासकीय अधिकृत**

अनुभूति

# सुदूरका पिपा गाउँहरूमा पहिलो पाइला

*ती पिपाहरू सरकारी हाकिम तथा माथिल्लो दर्जाका कर्मचारी जहाँ जहाँ जान्छन्, त्यहाँ त्यहाँ उनीहरूका भारी बोकेर जानु पर्दथ्यो । भारी बोक्दै जाँदा उनीहरू सुदूर र विकट गाउँहरूमा पुगे । आफ्नो थातथलोबाट हजारौं माइल टाढा र फर्किन निकै कष्टकर भएकोले ती पिपाहरूले जहाँ गए त्यहीँ आफ्नो बेग्लै बस्ती बसाए ।*



■ निष्णु थिङ

नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोशले पिपालाई 'भरिया वा टहलुको काम गर्ने तल्लो तहको पल्टनियाँ जागिरदार' अर्थ्याइएको छ । सरकारी हाकिमको भारी बोक्ने, घरको काम गर्ने र निजी सहयोगीको काम गर्ने व्यक्तिलाई पिपा भनिन्छ । उतिबेला नेपाल भनेर चिनिने काठमाडौंले देशका विभिन्न भूभागमा सरकारी कर्मचारीहरू सरकारको प्रतिनिधिको रूपमा खटाइन्थ्यो । त्यसरी सरकारी हाकिमको रमाना हुँदा उसको झोला, आवश्यक भारी र सामग्रीहरू पनि बोकेर जानुपर्थ्यो । हाकिमको घरमा सबै घरायसी कामहरू तिनै पिपाहरूले गर्ने गर्दथे । त्यहीँ भारी बोकेर जाने भरियालाई पिपा नाम दिइयो । सरकारले पिपा गोश्वारा बेग्लै स्थापना गरेको थियो । जहाँ मूलतः उपत्यका वरिपरिका तामाङहरूलाई भर्ती गराइयो । ती पिपाहरू सरकारी हाकिम तथा माथिल्लो दर्जाका कर्मचारी जहाँ जहाँ जान्छन्, त्यहाँ त्यहाँ उनीहरूका भारी बोकेर जानु पर्दथ्यो । भारी बोक्दै जाँदा उनीहरू सुदूर र विकट गाउँहरूमा पुगे । उतिबेला अहिलेको जस्तो यातायात र बाटोघाटो, पुलपुलेसोको सुविधा थिएन । महिनौं लगाएर ती ठाउँहरूमा पुग्थे । आफ्नो थातथलोबाट हजारौं माइल टाढा र फर्किन निकै कष्टकर भएकोले ती पिपाहरूले जहाँ गए त्यहीँ आफ्नो बेग्लै बस्ती बसाए । दैलेख (१५ वर्ष) र प्युठान(११ वर्ष) अगाडि ती दुई वटा पिपा गाउँहरूमा जाने अवसर मिलेको थियो ।

### पिपा गोश्वारा कार्यालयको इतिहास

प्रा.डा. विजय मानन्धर लेख्नु हुन्छ, 'श्री पिपा गोश्वारा कार्यालय सन् १९०३(वि.स.१९६० वैशाख १) मा श्री पिपा गोश्वारा अड्डाको नामबाट स्थापना भएको थियो । सन् १९५३ (वि.स. २०१०) मा सो नाम परिवर्तन भई श्री पिपा गोश्वारा कार्यालय हुन गएको थियो ।' (नेपालको सैनिक इतिहास-२, पृ.१८२) तर पिपाको चलन धेरै पहिलेदेखि नै थियो । बहादुर शाहको पालामा हनुमान ध्वज सैनिक कम्पनी गठन वि.स.१८४८ मा भएको थियो । सो कम्पनीमा २० जना पिपाहरू भर्ती भएका थिए ।(नेपालको सैनिक इतिहास, पृ.१०५) यो पिपा गोश्वारामा इतिहासदेखि नै तामाङलाई भर्ती गराइन्थ्यो । तामाङलाई पिपाभन्दा माथि कतै भर्ती गरिँदैनथ्यो ।

### पिपा गाउँ एक

दैलेख र कालिकोटलाई रामाघाट नदीले विभाजन गर्छ । त्यही रामाघाट नदीको माथिल्लो डाँडामा छ, त्यो पिपा गाउँ । त्यो गाउँलाई चापा नयाँ बस्ती मौजा, विशाला नाम दिइएको छ । त्यो गाउँमा त्यतिबेला पचास घरधुरीजति थियो, सबै पिपा भएर गएका तामाङहरूका । रङ्गमान तामाङ त्यहाँका सामाजिक र राजनीतिक कार्यकर्ताको रूपमा लामो समयदेखि सक्रिय चर्चित हुनु हुँदो रहेछ । उनका अनुसार, त्यहाँ उनको जिजुबाजे पुगेका थिए । उनका जिजु बाजेका नाम देवान सिंह लोप्चन, बाजेका नाम नाम सिंह लोप्चन र पिता पूर्ण सिंह लोप्चन हुन् । उनका बाजे ८४ वर्ष र पिता ७९ वर्ष बाँचे । उनले जिजुबाजे चाहीँ देख्न पाएन रे । तर उनको बारेमा आफ्ना पिता र बाजेले बताएको कथाहरू अहिले पनि उनलाई दुरुस्तै याद रहेछ । उनका बाजेहरू नेपाल खाल्डोबाट उहिले नै हिँड्दै जाँदा प्युठान, रुकुम र भेरी नदी हुँदै गएका थिए रे । उनका आफन्तहरू कहिलेकाहीँ काम्छरे, त्यसलाई गाउँघरमा देउता चढेको भन्छ । त्यस्तो बेलामा कामेर फलाक्दै जाँदा कहाँ बास बस्यो, कुन बाटो आयो र बाटामा के के भए ? यी सबै पुराना इतिहास अहिले पनि बेला बेलामा पितृ चढेको समयमा फलाक्ने गरेको उनले बताए । भेरीको किनारामा आइपुग्दा उनका पुर्खालाई औंलो लागेको समेत फलाक्ने गरेको उनले सुनाए । सो गाउँमा लोप्चन, बम्जन, योन्जन, ब्लोन, स्याङबो, पाइन (पाखिन) थरका तामाङहरू छन् । 'पहिला दाजु पुगेर त्यहाँ बस्न थाले, कुटुम्ब चाहिन्छ भनेर पछि बहिनी-ज्वाइँ लिएर गए, आफ्ना अरू दाजुभाइ र इष्टमित्रहरू पनि लिएर गए ।' त्यसरी त्यो गाउँ बसेको स्थानीयहरूले सुनाए । त्यसैले आफ्नै नातागोताको मात्रै मानिसहरू त्यहाँ थिएँ ।

देशमा गणतन्त्र स्थापना भएर प्रथम राष्ट्रपति समेत निर्वाचित भइसकेका थिए । तर, त्यो गाउँमा सञ्चारको कुनै माध्यम नै थिएन । बाहिरी दुनियाँमा के भइरहेको छ ? कुनै सूचना पनि पाउने स्रोत नै थिएन । रेडियो र एफएमहरू पनि नसमात्ने, पत्रपत्रिकाहरू पुग्ने कुरै भएन । मोबाइल फोनको टावर नआउने जस्ता अवस्था थियो । त्यहाँ सूचनाको एक मात्रै स्रोत थियो, हाँक साप्ताहिक । त्यो पत्रिका पनि पार्टी च्यानलको माध्यमबाट कैयौं दिनपछि पुग्दो रहेछ । दैलेख सदरमुकाममा काठमाडौंमा प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रपत्रिकाहरू छिटोमा तीन दिन, नभए एक हप्तामा पुग्दो रहेछ । गाउँमा डुल्ने, भेत्रघाट गर्ने र कुराकानी गर्ने क्रममा स्थानीय कतिपय मानिसहरूलाई देशमा गणतन्त्र आइसक्यो र राजाको ठाउँमा राष्ट्रपति निर्वाचित भइसक्यो समेत थाहा थिएन । सीमित राजनीतिक कार्यकर्ता, शिक्षक तथा कर्मचारीलाई मात्र त्यो कुरा थाहा थियो ।

त्यो गाउँ आफैंमा आत्मनिर्भर थियो । बाहिरबाट ल्याउनु पर्ने नुन, लत्ताकपडा, विद्यार्थीको लागि पुस्तक र कापीहरू मात्रै । अन्यथा, गाउँलाई चाहिने अन्नपात, दाल, चामल, दूध र सागपात सबै आफैंले उत्पादन गर्ने । पानीघट्टा मेरो लागि नितान्त नयाँ थियो, त्यहाँ जडान गरेको मिल । पानीघट्टाले कसरी मकै पिन्ने, धान कुट्ने र दाल पिसाउने अनि तोरी पेलेर तेल निकाल्ने यी सबै कुरा उत्सुकतापूर्वक हेरें । त्यहाँ बस्दा मलाई सारा संसारबाट अलग्गिएर बेग्लै दुनियाँमा बसेको जस्तो महसुस भयो । जो सामुन्ने छ, उहीसित मात्रै बोल्न पाइने । फोन नलाग्ने भएर सुरुमा त निसास्सिएको जस्तो भयो । हप्ताको एक दिन योजना बनाएर माथि देउराली चाल्ने चौतारामा मलाई रङ्गमान लोप्चनले लिएर जान्थ्यो । घरबाटै को कसलाई फोन गर्ने लामो सूची बनाएर लान्थैं । धन्न मोबाइल चार्ज गर्न सौर्य ऊर्जा थियो । दुई घण्टा हिँडेर माथि चौतारामा गएर हप्ताभरि पुग्ने गरी आफ्ना साथीभाइ, बुवा आमा, दाइभाउजू, गाउँ छरछिमेक र पार्टीका साथीहरूलाई फोन गर्थैं । जब त्यो चौताराबाट ओरालो झर्दै घरतिर जाँदा मलाई बाहिरी दुनियाँबाट विच्छेद हुँदै गएको अनुभूति हुन्थ्यो । लट्टाईबाट चुँडिएको चङ्गा जस्तो लाग्थ्यो । त्यसैले, जो जसलाई फोन गर्ने भनेर सूचीमा राखेको व्यक्तिहरूलाई हप्ताभरिलाई धीत मरुन्जेल फोनमा कुरा गर्थैं ।

वरिपरि मगर, गिरी, खस, ठकुरी, दलितलगायत जातजातिका मान्छेहरू बस्दछन् । त्यसा गाउँमा एउटा प्रा.वि. सञ्चालनमा छ । स्थानीय रूपमा बिहाबारीको स्थिति हेर्दा अन्तरजातीय विवाह निकै भएको पाइन्छ । अन्तरजातीय विवाह मागेर भन्दा भागेर गरिएको पाइन्छ । तामाङले मगर, गिरी, गुरुङ, खस, दलित महिला र ती समुदायले पनि तामाङ महिला आदान प्रदान गर्ने निकै पुरानो चलन रहेछ । तामाङ चेली अरूको बुहारी बनेको र अरू समुदायको चेली तामाङको बुहारी बनेको निकै उदाहरणहरू देखिन्थे । त्यसरी उनीहरूबिच अन्तरजातीय विवाहले राम्रैसित मान्यता पाएको देखिन्थ्यो । त्यसबाहेक बागलुङ, कुँडुला, रामकोटका तामाङहरूसित उनीहरूको कुटुम्ब हेरी साइनो पुरानै रहेछ । कुँडुला बासी र प्रदीप तामाङले बताए अनुसार त्यहाँ योन्जन, लोप्चन, डुम्जन र स्याङबो चार थरका तामाङहरू बस्दछन् । त्यहाँको तामाङसित प्यूठानी तामाङको चेलीबेटी लिने दिने, मरणपरणमा उपस्थिति हुने चलन पुरानै रहेछ । (ओखरकोटः लेख संग्रह, पृ.२३९-४५, २०७२)

त्यो गाउँ पनि उतिबेला सरकारका हाकिमहरूको भारी बोक्दै पुगेका तामाङहरूका बस्ती रहेछ । पहिला प्यूठानको खलङ्गा, विजयनगर हुँदै त्यहाँ पुगेको बताउँथे । करिब पचास घरधुरी जति थिए । त्यहाँ बुढापाकासित अन्तरवार्ता लिँदा उनीहरूका पुर्खा त्यहाँ आएका बताउँथे । करिब २ सय वर्षको वरपर पुगेको बताउँथे । त्यहाँ रहँदा कुँडुलाबाट आएको जन्ती र बिहेवारि प्रत्यक्ष हेर्न र अवलोकन गर्न पाएँ । विवाहको विभिन्न रीतहरू र प्रक्रिया रोचक लाग्दो थियो । विविध सगुनहरू थिए, ताम्बाले गज्जबले सजीव वर्णन गर्दै कुटुम्बलाई रीत बुझायो । छोरीलाई हुर्काएर विवाहयोग्य बनाउन परिवार, आफन्त र छरछिमेकको योगदानलाई कदर गर्दै बेहुला पक्षले नाता अनुसार रीत बुझाउनु पर्दो रहेछ ।



### पिपा गाउँ दुई

प्यूठानको अर्खा गाविसमा २०७१ सालमा जाने मौका मिल्यो । सिलसिला थियो, प्यूठानकी तत्कालीन सांसद दुर्गा पौडेलको नेतृत्वमा ओखरकोट पर्यटन एवं ग्रामीण सेवा समिति प्युठान काठमाडौं, नेपाल संस्थाले ओखरकोट विश्व कोश परियोजना सञ्चालन गरेको थियो । सो परियोजनाको उद्देश्य प्यूठानको सर्वाङ्गीण अध्ययन, अनुसन्धान र पुस्तक प्रकाशन गर्ने । त्यो अध्ययनलाई प्युठान जिल्लाको विकासको लागि भरपर्दो दस्ताबेजका रूपमा उपयोग गर्ने । विभिन्न विधाका विज्ञहरू मार्फत् अध्ययन र अनुसन्धान गराएका थिए । सोही सिलसिलामा, अर्खामा रहेका पुरानो तामाङ बस्तीको इतिहास र संस्कृतिबारेमा अनुसन्धानको लागि मलाई अनुबन्धित गराएर लगेका थिए । काठमाडौंबाट हामी मोहन विक्रम सिंह, मनु वि.क., राम बहादुर बुढा, बुटवलबाट डा.गितु गिरी, दाङबाट शशिधर भण्डारी जोडिए । हामीभन्दा अगाडि एउटा बेग्लै विज्ञ समूह गएर अनुसन्धानको क्षेत्र कार्य सकिसकेको रहेछ ।

नयाँ टोलीलाई पुरानो टोलीले स्वागत गर्ने र आफ्नो अनुभव सुनाउने अनि नयाँले पुरानालाई बिदा गर्ने उद्देश्यले एउटा परिचयात्मक समारोह हीरा पोखरी, मच्छिमा आयोजना गरेको थियो । त्यस अनुसन्धान प्रतिवेदनमा तामाङको बारेमा पंक्तिकार यस्तो लेखेको थिएँ- प्यूठानको एउटै गाविस अर्खामा तामाङहरू सुदूरपश्चिमका पहाडमा बसिरहेका छन् । मूलतः चेली र माइती वा कुटुम्ब नातागोता देखिन्छन् । दोङ र बोम्जनको बिचमा विवाह वारी लिने दिने चलन देखियो । त्यसरी उनीहरू निकै नजिकको कुटुम्ब देखिन्छ । शायद, इतिहासमा उनीहरू चेली-माइती-ज्वाइँ-चेला(ससुराली)का २ परिवारका सदस्यहरू त्यहाँ पुगे । अहिलेको उनीहरूको अवस्थिति हेर्दा त्यही झलक दिन्छ । जम्माजम्मी २९१ जना तामाङहरू प्यूठानमा रहेको देखाउँछन्, तथ्यांक र बसोबासले । त्यहाँका तामाङहरू बस्ने भौगोलिक भू-बनोट निकै पहाडी एवं विकट देखिन्छ । त्यो ठाउँलाई प्यूठानीहरू जिल्लाकै विकट गाविसका रूपमा स्विकार्छन् । उनीहरूको आमाले नौ महिना कोखमा राखेर अनि दशधारा दूध ख्वाएर हुर्काएकोले गर्दा आमालाई विशेष सगुन दियो, त्यसैगरी बुवालाई । फुपू, दिदीबहिनी, दाजुभाइ, मामा र इष्टमित्रलाई पनि फरक फरक सगुन बुझाए । विवाहका ती दृश्यहरू अवलोकन गर्न पाएँ ।

### निष्कर्ष

माथिको दुई वटा पिपा गाउँहरूको आधारमा नेपालका विभिन्न कुना कुनामा यसरी पिपा भएर गएका थुप्रै तामाङ गाउँहरू हुनु पर्दछ । दैलेख पिपा गाउँका रङ्गमान तामाङले सुनाए अनुसार पश्चिम डोटीतिर पनि यस्तै पिपा गाउँ छ रे ! यी दुई वटा पिपा गाउँको मुख्य विशेषता नै आफ्नो भाषा र संस्कृतिको अझैसम्म जगेर्ना र संरक्षण देखियो । वरिपरि अरू भाषाले घेरिएर रहेको भए तापनि आफ्नो भाषा बोल्न नछोड्नुको अवस्थालाई भाषिक टापुको संज्ञा दिइन्छ । यसलाई अझ फराकिलो शब्दमा भाषिक र सांस्कृतिक टापु भन्नु पर्छ । आफ्नो पुर्खौली भूमिबाट टाढा भए पनि त्यसप्रति मायामोह देखाउनु र पुनः थातथलोसित जोडिने प्रयत्न हुनुलाई जराको खोजी भनिन्छ । रङ्गमान तामाङले पुर्खौली भूमि रसुवाको बुहारी लिएर गएपछि उनले थातथलोसित पुनः जोडिएको अनुभूति गरेका छन् ।

दैलेख जाँदा संगठनको इन्चार्ज भएर गएको थिएँ । जतिबेला म स्नातक सकाएर बसेको थिएँ । २३ वर्षको उमेरमा देश बनाउने र बदल्ने हुटहुटीले मलाई त्यहाँ सम्म पुऱ्यायो । दैलेखका डाँडाकाँडा हिँड्दा मेरो जुत्ता फाटियो तर देश बुझ्ने मौकाले पाएँ । ओखरकोटमा बन्दै गरेको मोहनविक्रम सिंहको घर देखेँ । यतिका वर्षमा ती गाउँहरू कति परिवर्तन भए होलान् ! के के परिवर्तनहरू भए होलान् ? गाउँको स्वरूप कस्तो भयो होला ? यी कौतुहलताका ज्वारभाटा मनमा उठिरहन्छ । पुनः ती पिपा गाउँहरू घुम्ने रहर जागेको छ ।

**(लेखक, नेपाल खुल्ला विश्वविद्यालयमा 'तामाङ इतिहास' विषय प्राध्यापन गर्दछन् ।)**

कविता

## एक चिम्टी धर्ती



शम्भु पनेरू

म उभिएको छु
यही धर्तीको छायामा
जहाँ क्षितिजसम्म फैलिएको छ
माटोको मौन इतिहास ।
कतै नदीले बोकेको सपना
कतै पहाडले थामेको पीडा
कतै घामले पोलिएको पसिना
कतै बादलले छोपेको आँसु ।

म देख्छु-
यो धर्ती कति विशाल छ,
तर मानिसको मुटु
किन यति साँघुरो हुँदै गएको ?
यहाँ रूखहरू अझै उभिएका छन्
मौन भएर,
पातहरूले अझै हावा चुमिरहेका छन्
तर मान्छेले
आफ्नै छाया चिन्न छोडेको छ ।

एक चिम्टी माटोका लागि
यहाँ नामहरू मेटिन्छन्,
इतिहास रगतले लेखिन्छ,
र सपनाहरू
अधुरो श्वासमै ढल्छन् ।
माटो त सबैको हो भनिन्छ,
तर हातमा पर्नासाथ
किन सीमा कोरिन्छ ?
किन बारुदले
बीउको ठाउँ लिन्छ ?

म सुन्छु-
रातको शान्तिमा
आहतहरू चिच्याइरहेका छन् ।
आमाको काख रित्तिँदै छ,
बाबुको निधारमा
रेखा थपिँदै छ,
र बच्चाको आँखामा
भोलिको डर उम्रिँदै छ ।

आकाश अझै खुला छ,
तर त्यसको नीलोपन
मानिसको आत्मासम्म
पुग्न सकेको छैन ।
हावा अझै बग्छ,
तर त्यसले
घाउमा मलहम लगाउन
भ्याएको छैन ।
पानी अझै झर्छ,
तर त्यसले
आगो निभाउन सक्दैन,
किनकि आगो
मनभित्र सल्किएको छ ।

आज पहाडहरू थाकेका छन्
बोझ थाम्दै-थाम्दै,
नदीहरू अलमलिएका छन्
रगत र फोहोर छुट्टाउँदै ।
जंगलहरू चुप छन्,
मानौं उनीहरूलाई पनि
अब विश्वास छैन
मानिसका वाचामा ।

म सोच्दछु-
के माटोको दोष हो ?
कि माटोमाथि
हिँड्ने पाइलाको ?
एक चिम्टी माटो
जुन जीवनको आधार हो,
त्यही माटो
मृत्युको कारण बनिँदा
धर्ती पनि त
लज्जित हुँदो हो ।

यदि एक दिन
मानिसले बुझ्न सके
माटो जितेर होइन,
माटोसँग बाँचेर
जीवन सुन्दर हुन्छ भन्ने,
त्यो दिन
यो धर्तीले सास फेर्नेछ ।
नत्र भने,
यो विशाल संसारमा
एक चिम्टी माटो
सधैं अपुग नै रहनेछ ॥

## छाया

कथा



■ रञ्जना बास्ताकोटी

*"सानो छँदा त देवता जस्तै ठान्थैं," उनले मुस्कुराउँदै भनिन्, "सबैभन्दा राम्रो स्कुल, राम्रो लुगा, राम्रो खान । छोरी जन्मेको भए त के हुन्थ्यो होला तर भगवानले छोरा दिए भनेर गर्व गर्थैं ।" उनको त्यो गर्वको पछाडि थोरै डर पनि मिसिएको थियो, वंश सकिन्छ कि भन्ने डर ।*

पाटन अस्पतालको पुरानो भवन अगाडि म उभिइरहेको थिएँ । आकाश बदलिएको थियो, घाम लुक्दै थियो । त्यत्तिकैमा एउटा थाकेको स्वर कानमा पऱ्यो, "छोरा आयो कि भनेर सोधिदिनु न बाबु, अलि देखिँदैन आँखाले ।"

घुमेर हेर्दा, एउटा वृद्धा बेन्चमा बसेकी थिइन् । पुरानो साडी, काँधमा झुन्डिएको कपडाको झोला र अनुहारभरि समयले कोरेका रेखाहरू । उनको आँखामा चिन्ता र आशा मिसिएको थियो । म नजिक गएँ ।

"कसलाई पर्खनु भएको ?"

"छोरालाई," उनले छोटो उत्तर दिइन्, "भित्र औषधि लिन गयो ।"

म चुप लागेँ । अस्पतालको घडी टिक-टिक गर्दै थियो । आधा घण्टा बित्यो, एक घण्टा बित्यो । छोरा आएन ।

उनले आफैँ बोलिन्, "यस्तै हो, सधैं भन्छ, आउँछु भनेर । म बूढी भएपछि त झन् बिर्सिन थालेको छ ।"

स्वरमा गुनासो थियो, तर त्यसभन्दा बढी आत्म स्वीकृति ।

कुरा गर्दै जाँदा थाहा भयो, उनको नाम पार्वती रहेछ । गाउँबाट काठमाडौं आएकी, आँखाको अपरेसनको पालो कुरिरहेकी । लोग्ने बितेको धेरै भयो । जीवनको सम्पूर्ण भरोसा एउटै छोरामा थियो ।

"सानो छँदा त देवता जस्तै ठान्थैं," उनले मुस्कुराउँदै भनिन्, "सबैभन्दा राम्रो स्कुल, राम्रो लुगा, राम्रो खान । छोरी जन्मेको भए त के हुन्थ्यो होला, तर भगवानले छोरा दिए भनेर गर्व गर्थैं ।"

उनको त्यो गर्वको पछाडि थोरै डर पनि मिसिएको थियो, वंश सकिन्छ कि भन्ने डर ।

उनले भनिन्, "छोरा भएपछि सबै ठिक हुन्छ भन्ने सोचेकी थिएँ । कुल बाँच्ने भयो, नाम चल्ने भयो ।"

मैले केही भनिनँ ।

अचानक उनको मोबाइल बज्यो । उनले हतार-हतार उठाइन् ।

"कहाँ छस् ?"

केही सेकेन्ड मौनता ।

उनको अनुहार फेरियो ।

"फेरि ? ... म त यहाँ एक्लै छु नि ... ठिक छ ।"

फोन राखिन् । आँखामा आँसु टल्किए ।

"आज आउँदैन रे," बिस्तारै भनिन् ।

त्यतिबेला मलाई मेरो आफ्नै छिमेकी सम्झना आयो, जो छोरीहरूलाई पढाएर विदेश पठाएका थिए । छोराको मुख हेर्ने बाध्यता थिएन, तर सन्तानको साथ थियो ।

मैले पार्वती आमालाई पानी दिएँ । उनले सास फेरिन् ।

"तिमीलाई थाहा छ बाबु," उनले भनिन्, "छोराले आजभोलि काम गर्दैन । साथीहरू, रक्सी, तास... म बोल्न खोजे भने रिसाउँछ ।"

उनको स्वर काँपिरहेको थियो ।

"छोरीजस्तो सन्तान हुन्थ्यो भने सायद यस्तो हुँदैनथ्यो," उनी आफैँसँग भुतभुताइन् ।

त्यही बेला एउटा युवक अस्पतालको गेटबाट निस्कियो । चाउरिएको जिन्स, आँखा रातो, चाल लरबराएको । पार्वती आमाले टाढैबाट चिन्नुभयो ।

"त्यही हो," उनले भनिन्, "मेरो छोरा ।"

उनी दौडेर गइनन् । बरु उभिएर हेरेर बसिन् । युवक नजिक आयो ।

"आमा, चाँडै हिँडौं," उसले अल्छी स्वरमा भन्यो ।

उनले केही सोधिनन् । गुनासो गरिनन् । शायद धेरै बोलेर थाकिसकेकी थिइन् ।

छोराले एक युवतीलाई पनि सँगै ल्याएको थियो । युवती मौन थिइन्, अनुहार शून्य ।

"यो को ?" पार्वती आमाले सोधिन् ।

"मेरो साथी," उसले लापरबाहीपूर्वक भन्यो, "सँगै बस्छु अब ।"

आमाको अनुहारमा एक क्षण खुसी झल्कियो– वंश अघि बढ्ने आशा ।

"बुहारी ?"

"सायद," युवक हाँस्यो ।

पार्वती आमाले युवतीको हात समातिन् । "घर जाऊँ, छोरी," भनिन् ।

त्यस रात म उनीहरूलाई त्यहीँ छोडेर फर्किएँ ।

भोलिपल्ट बिहान अखबार पल्टाउँदा एउटा सानो खबरले मेरो ध्यान तान्यो- "मानसिक अवस्था कमजोर युवती बेपत्ता ।"

फोटो हेर्दा, हिजो अस्पतालमा देखेकी त्यही युवती थिइन् । मन भारी भयो । मलाई पार्वती आमाको अनुहार सम्झना आयो–वंश जोगिने आशामा चम्किएको । तर वंश केवल जन्मले होइन, कर्मले जोगिन्छ भन्ने सत्य उनले ढिलो बुझिन् ।

छोरालाई देवता बनाउँदा, मानिस बनाउने जिम्मेवारी छुटेछ । र, जब जिम्मेवारी छुट्छ, वंश केवल छाया मात्र रहन्छ, नाम त बाँच्छ, तर मानवीयता हराउँछ ।

मध्यान्ह
www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६९/०७०
१२ पुस २०८२ शनिबार
27 December 2025 Saturday

**कभर स्टोरी**


# २० वर्षका २० बेस्टसेलर किताब





■ **बुद्धिसागर**
कर्नाली ब्लुज

यो उपन्यास छोराको दृष्टिकोणबाट बाबुको संघर्ष, पारिवारिक जीवन र कर्णाली क्षेत्रको ग्रामीण समाजको मार्मिक चित्रण हो । यसमा पिता-पुत्र सम्बन्ध, बाल्यकालका अनुभव र भावनात्मक गहिराइ छ । सरल भाषा, मनछुने कथा र नेपाली समाजको यथार्थ चित्रणका कारण यो विगत दुई दशकको लोकप्रिय नेपाली उपन्यास बनेको छ ।





■ **अमर न्यौपाने**
सेतो धरती


यो उपन्यास बाल्यकालमा नै विधवा भएकी ताराको विडम्बनापूर्ण जीवनकथा हो । यस उपन्यासमा परम्परा, नारीपीडा, विद्रोह र संघर्षको मार्मिक चित्रण छ । सरल भाषा, नेपाली समाजको कटु यथार्थ र हृदयस्पर्शी शैलीले आमपाठकसम्म पुगेर बेस्टसेलर बन्न सफल भएको छ ।






■ **सुबिन भट्टराई**
समर लभ, साया र इजोरिया

समर लभ कलेज प्रेमकथा हो जसमा युवा प्रेम, संघर्ष र भावनाको सरल चित्रण छ । इजोरिया तराई-मधेशको परिवेशमा महिला, परिवार र अस्मिताको मनोवैज्ञानिक कथा हो । युवापुस्ताको प्रेम-सम्बन्ध, सरल भाषा र मिठासपूर्ण शैलीले यी पुस्तक नेपालका सर्वाधिक बिक्री हुने पुस्तकमध्ये पर्छ । यी पुस्तकहरू युवामाझ अत्यधिक लोकप्रिय छन् ।


■ **विजयकुमार पाण्डे**
खुसी

यो पुस्तक लेखकको व्यक्तिगत जीवनानुभव, राजनीतिक-सामाजिक प्रसंग र जीवनदर्शनको संस्मरण हो । लेखकले पुस्तकको सुरुवात नै आफ्नो अत्यधिक मदिरा सेवनको लतबाट गरेका छन् । सरल-इमानदार भाषा, भावनात्मक गहिराइ र प्रेरणादायी कथाले खुसी बेस्टसेलर बनेको छ ।


■ **कर्ण शाक्य**
सोच - एउटा आत्मवि


यो पुस्तक लेखकको व्यक्तिगत जीवनानुभव, संघर्ष र सफलताको कथा हो । जसमा सकारात्मक सोच, आत्मविश्वास र देशप्रेमको सन्देश छ । सरल भाषा, प्रेरणादायी विचार र नेपाली युवालाई उद्यमशीलतातर्फ आकर्षित गर्ने शैलीले यो नेपालको क्लासिक बेस्टसेलर बनेको छ ।





■ **हरिवंश आचार्य**
चिना हराएको मान्छे

यो आत्मकथामा लेखकको बाल्यकाल, संघर्षपूर्ण कलाकार जीवन, मह जोडीको सुरुवात, प्रेम-विवाह र पहिलो पत्नी मीराको मृत्युपछिको पीडाको मार्मिक चित्रण छ । हास्य र भावुकताको संयोजन, मौलिक भाषा र जीवनको यथार्थ चित्रणले आमनेपाली पाठकको मन जितेर यो बेस्टसेलर बनेको छ ।


■ **सुधीर शर्मा**
प्रयोगशाला

यो पुस्तक माओवादी विद्रोह र नेपालको राजनीतिक संक्रमणमा दिल्ली (भारत), दरबार र माओवादीको भूमिकाको गहिरो विश्लेषण हो । पुस्तक गोप्य सूचना, अन्तर्वार्ता र यथार्थ घटनाक्रममा आधारित छ । यसले नेपाली राजनीतिमा भारतीय संलग्नताका नखुलेका पर्दा उघारेको छ । सोही कारण चर्चित एवं बेस्टसेलर बनेको छ ।





■ **झमक घिमिरे**
जीवन काँडा कि फूल


यो आत्मकथामा सेरेब्रल पाल्सीबाट पीडित लेखिकाको बाल्यकालदेखिको संघर्ष, सामाजिक बहिष्कार, परिवारको व्यवहार र खुट्टाले लेखेर साहित्य सिर्जनाको प्रेरणादायी कथा छ । सरल भाषा, जीवनप्रतिको आशा र अपांगतामाथि नेपाली समाजको भेदभावपूर्ण व्यवहारको चित्रणले पाठकको मन छुन्छ । यो नेपालको धेरै बिक्री हुने तथा क्लासिक बेस्टसेलर बनेको छ ।






■ **पुरुषोत्तम बजगाईं**
नीलो प्रेम

यो उपन्यास आकाश र वर्षाको प्रेमकथामा आधारित छ, जसमा मित्रता, पारिवारिक सम्बन्ध, किशोर मनोविज्ञान र जीवनका संघर्षहरूको चित्रण छ । सरल-भावुक भाषा, युवा प्रेम र भावनात्मक गहिराइले युवा पुस्तालाई आफ्नै कथाजस्तो लागेर यो लोकप्रिय तथा बेस्टसेलर बनेको छ ।



■ **महावीर पुन**
महावीर पुन

यो आत्मकथामा लेखकको ग्रामीण बाल्यकाल, शिक्षा संघर्ष, अमेरिका अध्ययन, हिमाली गाउँमा वायरलेस इन्टरनेट विस्तार, राष्ट्रिय आविष्कार केन्द्र स्थापना र सामाजिक नवप्रवर्तनको प्रेरणादायी यात्रा छ । सरल भाषा, इमानदार अनुभव र देशप्रेमपूर्ण सन्देशले युवा तथा आमपाठकलाई प्रेरित गर्दै यो नेपालको बेस्टसेलर बनेको छ ।



■ **जगदीश घिमिरे**
अन्तरमनको यात्रा

यो आत्मकथामा लेखकको बाल्यकाल, सामाजिक कार्य, जीवन संघर्षसँगै क्यान्सर रोगसँगको लडाइँको मार्मिक वर्णन छ । यो कृतिमा जीवनको गहिरो चिन्तन, सकारात्मकता र आन्तरिक यात्राको भावुक चित्रण छ । सरल भाषा, प्रेरणादायी सन्देश र जीवनको यथार्थले यो नेपालको बेस्टसेलर तथा सदाबहार लोकप्रिय पुस्तक बनेको छ ।



■ **नयनराज पाण्डे**
लु

यो उपन्यास तराईको सीमावर्ती गाउँमा बस्ने गरिब तथा उपेक्षित समुदायको जीवनमाथि लेखिएको छ । यो देहातको कथा हो जहाँ गरिबी, भेदभाव, राजनीतिक बहिष्करणको लुमार्फत लेखकले प्रतीकात्मक संघर्षको चित्रण गरेका छन् । जीवन्त पात्र, यथार्थवादी शैली र तराईको सामाजिक यथार्थले यो आधुनिक नेपाली साहित्यको चर्चित तथा लोकप्रिय उपन्यास बनेको छ ।



■ **विनोद चौधरी**
विनोद चौधरी

यो सफल व्यवसायी विनोद चौधरीको आत्मकथा पुस्तक हो । यसमा लेखकले आफ्नो बाल्यकाल, पारिवारिक व्यापारका उतारचढाव, वाइवाइ चाउचाउको सफलतासँगै चौधरी ग्रुपको विस्तार र नेपालको पहिलो अर्बपति बन्ने संघर्षपूर्ण यात्रा वर्णन गरेका छन् । राजनीतिक सम्बन्ध, व्यावसायिक जोखिम र सफलताको इमानदार चित्रणले युवा उद्यमीहरूलाई प्रेरित गर्ने यो पुस्तक नेपालको सदाबहार बेस्टसेलर बनेको छ ।


■ **नीलम कार्की निहारिका**
योगमाया

यो उपन्यास राणाकालीन समाजसुधारक तथा नेपालकी पहिलो महिला क्रान्तिकारी योगमाया न्यौपानेको जीवनीमा आधारित छ । यसमा नारी अधिकार, जातीय विभेद, बालविवाह र सामाजिक कुरीतिविरुद्ध विद्रोहको मार्मिक चित्रण छ । गहिरो अनुसन्धान, सरल भाषा शैली र नारी संघर्षको प्रेरणादायी कथाले यो बेस्टसेलर पुस्तक बनेको छ ।





■ **कृष्ण अविरल**
रक्तकुण्ड


यो उपन्यास २००१ को दरबार हत्याकाण्डमा आधारित छ, जसमा राजपरिवारका भित्री कथा, घटनाको पृष्ठभूमि र वैकल्पिक व्याख्याको रोचक चित्रण छ । सनसनीपूर्ण रहस्य, दरबारका नदेखिएका पक्ष र वास्तविक घटनाको मिश्रणले नेपाली इतिहासप्रेमी पाठकमा तीव्र जिज्ञासा जगाएर यो बहुचर्चित बेस्टसेलर बनेको छ ।





■ **पुष्कर शाह**
संसारलाई साढे पाँच फन्को

यो संस्मरणमा लेखकको ११ वर्षमा साइकलद्वारा विश्वका १ सय ५० बढी देश घुम्दै शान्ति सन्देश फैलाउने रोमाञ्चक यात्राको वर्णन छ । यसमा विभिन्न देशका भिन्न संस्कृति, चुनौती र मानवीय सहयोगको जीवन्त चित्रण गरिएको छ । साहसिक अनुभव, सरल भाषा र प्रेरणादायी सन्देशले नेपाली पाठकले यो पुस्तक रुचाएका छन् ।


■ **कुमार नगरकोटी**
मोक्षान्त : काठमान्डु फिभर


यो पुस्तक काठमाडौंको अराजकता, सपना, यौन, मृत्यु र अस्तित्वको खण्डित कथाहरूको संग्रह हो । यसमा जादुयी यथार्थवाद, कवितामय भाषा र सहरको नदेखिएको पक्षको प्रयोगवादी चित्रण छ । भिन्न शैली, गहिरो दार्शनिकता र काठमाडौंको वैकल्पिक चित्रणले युवा तथा बौद्धिक पाठकमाझ यो लोकप्रिय बनेको छ ।






■ **नारायण वाग्ले**
पल्पसा क्याफे

यो उपन्यास माओवादी 'जनयुद्ध'को पृष्ठभूमिमा पत्रकार सिद्धार्थ र चित्रकार पल्पसाको प्रेमकथामा आधारित छ । यसमा युद्धको क्रुरता, मानवीय सम्बन्ध, पत्रकारिता र समाजको मार्मिक चित्रण गरिएको छ । सरल र जीवन्त भाषा, द्वन्द्वको यथार्थ र रोमाञ्चक प्रेमकथाले यो नेपाली साहित्यको लोकप्रिय उपन्यास बनेको छ ।


■ **मोहन मैनाली**
मुकाम रणमैदान

यो पुस्तक विसं १८१४-१८१६ को नेपाल-अंग्रेज युद्धको रणमैदानबाट आदनप्रदान भएका गोप्य पत्रहरू, दस्तावेज र अनुसन्धानमा आधारित वर्णन हो । नेपाली वीरताको चित्रण, युद्धको यथार्थ र ऐतिहासिक तथ्यको गहिरो खोजीले पाठकमा राष्ट्रिय भावना जगाउँछ । दस्ताबेजमाथि गरिएको गहन खोजीले यो पाठकको रोजाइको पुस्तक बनेको छ ।





■ **कृष्ण धारावासी**
राधा

यो उपन्यासले राधा-कृष्णको प्रेमलाई माध्यम बनाएर प्रेमको दार्शनिक गहिराइ, मानवीय कमजोरी, समाज र धर्मको चित्रण गर्छ । यसमा राधाको मनोवैज्ञानिक यात्रा, कृष्णसँगको सम्बन्ध र जीवनको अर्थको खोजी छ । काव्यात्मक भाषा, गहन दर्शन र नेपाली साहित्यमा नौलो शैलीले यो पुस्तक बेस्टसेलर बनेको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**